# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी सूचना

**उपरोक्त विषयमा नगर शिक्षा समिति, भक्तपुरको मिति २०७४/०९/२४ को निर्णयानुसार आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षा, २०७४ को सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुने भएकोले सोहीबमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

**क) निम्नानुसारको परीक्षा कार्य तालिका र परीक्षा सुरु हुने समय दिउँसो १:00 बजे निर्धारण गरिएको ।**

***आधारभूत तह कक्षा ८ को नगरस्तरीय वार्षिक परीक्षा समय तालिका, २०७४ भक्तपुर नगरपालिका, भक्तपुर***

| क्र.सं. | मिति | | | विषय | लिखित | | | प्रयोगात्मक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | पूर्णाङ्क | उत्तीर्णाङ्क | समयावधि | पूर्णाङ्क | उत्तीर्णाङ्क | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| १. | २०७४ | १२ | ४ | अङ्ग्रेजी | ७५ | ३० | २ घ. १५ मि. | २५ | १० | १०० | ४० |
| २. | २०७४ | १२ | ५ | नेपाली | ७५ | ३० | २ घ. १५ मि. | २५ | १० | १०० | ४० |
| ३. | २०७४ | १२ | ७ | विज्ञान तथा वातावरण | ७५ | ३० | २ घ. १५ मि. | २५ | १० | १०० | ४० |
| ४. | २०७४ | १२ | ८ | पेशा, व्यवसाय र प्रविधि शिक्षा | ५० | २० | १ घ. ३० मि. | ५० | २० | १०० | ४० |
| ५. | २०७४ | १२ | ९ | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | ७५ | ३० | २ घ. १५ मि. | २५ | १० | १०० | ४० |
| ६. | २०७४ | १२ | १२ | गणित | १०० | ४० | ३ घण्टा | - | - | १०० | ४० |
| ७. | २०७४ | १२ | १३ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३० (२०+१०) | १२ (८+४) | ५५ मि. | २० (५+१५) | ८ (२+६) | ५० | २० |
| ८. | | | | नैतिक शिक्षा | २५ | १० | ४५ मि. | २५ | १० | ५० | २० |
| ९. | २०७४ | १२ | १४ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य | विद्यालयमा अध्यापन हुने सम्बन्धित विषयको पाठ्यक्रमको आधार लिइ विद्यालयले परीक्षा सञ्चालन गर्ने | | | | | १०० | ४० |

ख) आधारभूत तहको पाठ्यक्रम २०६९ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरुको प्रयोगात्मक परीक्षा र मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषयको परीक्षा विद्यालयमा नै सञ्चालन र व्यवस्थापन गरी उक्त परीक्षाहरुको प्राप्ताङ्क नगर शिक्षा शाखाबाट निर्दिष्ट फाराम ढाँचामा उल्लेख गरी पेश गर्ने ।

ग) सामुदायिक विद्यालयहरुले परीक्षा शुल्कबापत प्रतिविद्यार्थी रु. ३५०।- र संस्थागत विद्यालयहरुले प्रतिविद्यार्थी रु.४५०।- का दरले हुन आउने एकमुष्ठ रकम ने.बै.लि. कमलविनायक शाखामा रहेको आधारभूत तह परीक्षा सञ्चालन एवं व्यवस्थापन समिति, भक्तपुर नगरपालिकाको बैङ्क खाता नं. ०१९००१०६४७८३०९०००००१ मा जम्मा गरी सो को भौंचर एकप्रति संलग्न राखी समष्ठिगत फारामसहित परीक्षा आवेदन फाराम २०७४ माघ १० गतेभित्र नगर शिक्षा शाखामा पेश गर्ने ।

***पुनश्च : विशेष कारणबस माथि उल्लेखित परीक्षाको कार्यतालिका र समयतालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ ।***